गोलबजार नगरपालिका नगर सभाबाट स्वीकृत मिति २०८३/०३/१० गते

मिति २०८३ साल असार १० गते गोलबजार नगरपालिकाको नगरसभाबाट पारित भई प्रमाणीकरणका लागि पेस भएको 'गोलबजार नगरपालिकाको शिक्षा ऐन, २०८३' प्रमाणीकरण गर्दछु।

**प्रमाणीकरण मिति: २०८३ साल असार १५ गते**

..........................

**नामः श्यामकुमार श्रेष्ठ**

पदः नगर प्रमुख

गोलबजार नगरपालिका

गोलबजार, सिरहा

## गोलबजार नगरपालिकाको शिक्षा ऐन, २०८३

**प्रस्तावना:** गोलबजार नगरको समग्र विकास, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल स्थानीय नागरिकहरुको सदाचार निर्माण तथा समयानुकूल ज्ञानको वृद्धिका लागि शैक्षिक स्तरको असमानतालाई न्यूनीकरण गरी शिक्षाको गुणस्तरीयतामा पहुँच कायम गर्न नगर क्षेत्रभित्र स्थापना भई, सञ्चालनमा रहेका र स्थापना हुने विद्यालयको व्यवस्थापकीय सुधार गर्दै समयानुकूल ज्ञान, सीप, प्रविधि तथा मानवमूल्य सहितको शैक्षिक विकास गर्न वाञ्छनीय भएकाले गोलबजार नगरपालिकाको सभाले **नेपालको संविधान**को धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक सङ्क्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:** (१) यस ऐनको नाम "**गोलबजार नगरपालिकाको शिक्षा ऐन, २०८३**" रहेको छ।

(२) यो ऐन गोलबजार नगरपालिका क्षेत्रभर लागू हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"नगरपालिका"** भन्नाले गोलबजार नगरपालिका सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले गोलबजार नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) **"नगर सभा"** भन्नाले गोलबजार नगरपालिकाको नगरसभालाई सम्झनु पर्छ।

(घ) **"तह"** भन्नाले विद्यालयको आधारभूत तथा माध्यमिक तह बुझ्नु सम्झनु पर्छ।

(ङ) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक दुवै तहको शिक्षा सम्झनु पर्छ।

(च) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ। त्यस्तो शिक्षा दिने विद्यालयलाई आधारभूत विद्यालय भनिनेछ।

(छ) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौदेखि बाहसम्म दिइने शिक्षा सम्झनु पर्छ। त्यस्तो शिक्षा दिने विद्यालयलाई माध्यमिक विद्यालय भनिनेछ।

(ज) **"औपचारिक शिक्षा"** भन्नाले विद्यालयमा भर्ना गरी राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेको कार्यक्रम अनुसार विद्यालयबाट प्रदान गरिने कक्षागत तथा तहगत शिक्षा सम्झनु पर्छ।

(झ) **"अनौपचारिक शिक्षा"** भन्नाले विद्यालयमा भर्ना भई औपचारिक शिक्षा हासिल गर्न नसक्नेलाई दिइने शिक्षा सम्झनु पर्छ।

(ञ) **"विशेष शिक्षा"** भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अतिअशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष प्रबन्ध गरी प्रदान गरिने शिक्षा सम्झनु पर्छ।

(ट) **"निरन्तर शिक्षा"** भन्नाले साक्षरोत्तर कक्षाको शिक्षा पूरा गरिसकेका व्यक्तिलाई दिइने शिक्षा सम्झनु पर्छ।



नगर प्रमुख

(ठ) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा जिल्ला अदालत वा जिल्ला/इलाका प्रशासन कार्यालय वा नगरपालिकाले तोकेको अधिकृत स्तरको बालकल्याणकारी अधिकारीबाट संरक्षकत्व प्रदान गरेको भन्ने व्यहोराको प्रमाणित पत्र विद्यालयमा पेस गरेको व्यक्ति वा संस्थालाई समेत सम्झनु पर्छ।

(ड) **"अभिभावक शिक्षा"** भन्नाले बालबालिकाहरुको शिक्षादिक्षा, स्वास्थ्य, पोषण र सरफाइ, सुरक्षा तथा हेरचाह सम्बन्धमा दिइने अभिमुखीकरण तालिम वा सचेतीकरण कार्यक्रम वा छलफल वा भेटघाट वा स्वाध्ययन कार्य सम्झनु पर्छ।

(ढ) **"समावेशी शिक्षा"** भन्नाले दृष्टिवीहिन, न्यून दृष्टियूक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा तथा सामाजिक, आर्थिक वा भौगोलिक कारणबाट पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा सम्झनु पर्छ।

(ण) **"प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम"** भन्नाले प्राविधिक ज्ञान, सीप, दक्षता तथा बिषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षा वा तालिमलाई सम्झनु पर्छ।

(त) **"सामुदायिक विद्यालय"** भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय सम्झनु पर्छ।

(थ) **"संस्थागत विद्यालय"** भन्नाले व्यक्ति वा संस्था वा समुदायको पहलमा स्थापना गरिएका संघीय, प्रादेशिक वा स्थानीय सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(द) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्ति वा समुदायले नाफा आर्जन नगर्ने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(ध) **"शिक्षा शाखा प्रमुख"** भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखाको शिक्षा सेवाको वरिष्ठतम् कर्मचारी सम्झनु पर्छ।

(न) **"वडा शिक्षा समिति"** भन्नाले यस ऐनको दफा २५ को उपदफा (१) बमोजिम गठन भएको समितिलाई जनाउँछ।

(प) **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

(फ) **"अनुमति"** भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(ब) **"स्वीकृति"** भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

(भ) **"प्रारम्भिक बाल विकास शिक्षा"** भन्नाले तीन वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाहरूलाई कक्षा एकमा प्रवेश गर्नुभन्दा अगाडि सामुदायिक र संस्थागत रुपमा विद्यालयमा दिइने प्रारम्भिक बाल विकास शिक्षा बुझ्नु पर्छ र सो शब्दले नर्सरी वा केजी वा यस परिभाषाले समेटेको उमेरका बालबालिकाहरुलाई दिइने मन्टेसरी शिक्षा समेत सम्झनु पर्छ।

(म) **''प्रारम्भिक बाल विकास केन्द्र"** भन्नाले तीनदेखि चार वर्ष उमेर पूरा भएका बालबालिकाको लागि सञ्चालित प्रारम्भिक पूर्व प्राथमिक विद्यालय वा बाल विकास केन्द्र वा शिशु विकास केन्द्र वा शिशु कक्षा वा नर्सरी कक्षा वा मन्टेसोरी स्कुल वा किन्डर गार्टेन वा प्ले ग्रुप नामले सञ्चालित शिक्षा केन्द्र सम्झनु पर्छ।

(य) **"स्थायी आवासीय अनुमति"** भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाईभर्सिटी इमिग्रेन्ट भिसा, परमानेन्ट रेजिडेन्ट भिसा वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिसमेतलाई जनाउँछ।

(र) **"आवासीय विद्यालय"** भन्नाले नेपाल सरकार वा नगरपालिकाले आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ।

(ल) **''विद्यालयबाहिर हुने अध्यापन सेवा"** भन्नाले निजी क्षेत्रको संस्था (इन्स्टिच्युट) बाट विद्यार्थीका लागि प्रदान गरिने शैक्षिक परामर्श सेवा, ट्युसन, कोचिङ क्लास, सिर्जनात्मक कला, भाषा शिक्षण आदि विषयको कक्षा सम्झनु पर्छ।

(व) **''स्थानीय"** भन्नाले गोलबजार नगरक्षेत्र भित्रको मानवस्रोत, भौगोलिक वातावरण तथा सम्पदासँग सम्बन्धित सम्झनु पर्छ।

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा मधेश प्रदेश, नेपाल

नगर प्रमुख

(श) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ष) **"नगर शिक्षा समिति "** भन्नाले यस ऐनको दफा २४ को उप दफा (१) बमोजिम गठन भएको समितिलाइ जनाउँछ।

(स) **"नि:शुल्क शिक्षा"** भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असुल नगरी दिइने शिक्षालाई सम्झनु पर्छ।

(ह) **"सामुदायिक सिकाइ केन्द्र"** भन्नाले समुदायस्तरमा सञ्चालन गरिने आजीवन सिकाइ, अध्ययन, अनुसन्धान र सिप सिकाइ लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ।

(क्ष) **"विद्यालयको समायोजन"** भन्नाले विद्यालय गाभ्ने वा ठाउँ सार्ने वा नाम परिवर्तन गर्ने वा बन्द गर्ने वा तह वा कक्षा थप्ने वा घटाउने कार्य सम्झनु पर्छ।

(त्र) **"शैक्षिक संस्था"** भन्नाले दफा २ को परिभाषा (त), (थ), (द), (भ), (म) र (क्ष) बमोजिमका संस्था त्यस्तो कार्य गर्ने भनी तोकिएका अन्य संस्थाहरु जनाउँछ।

(ज्ञ) **"पुस्तकालय"** भन्नाले नागरिकमा पठन संस्कृतिको विकास गर्न, पुस्तकहरु अध्ययन गर्न र जीवन पर्यन्त सिकाइलाई सघाउने अभिप्रायले स्थापित इच्छुक पाठकहरुले विभिन्न शर्तमा पुस्तक पढन पाउने विभिन्न विषय र क्षेत्रका पुस्तकहरुको सङ्ग्रह गरेर राखिएको सार्वजनिक स्थललाई जनाउँछ।

(ज्ञ१) **"वाचनालय"** भन्नाले जनसाधारणले पत्रपत्रिका आदि पढन वा हेर्नका लागि स्थापना गरिएको सार्वजनिक स्थललाई जनाउँछ।

(ज्ञ२) **"शिक्षक सिकाइ केन्द्र"** भन्नाले नगरपालिकाभित्र रहेका विद्यालयहरुको समूह बनाई पायक पर्ने विद्यालयमा कार्यालय रहनेगरी शिक्षाको पेसागत कार्यक्रम र गतिविधिहरु सञ्चालन हुने साविकको स्रोत केन्द्र भन्ने सम्झनु पर्छ।

(ज्ञ३) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रारम्भिक बाल विकास तथा बाल शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा

**३. औपचारिक शिक्षा तथा अनौपचारिक शिक्षा**: नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने सबै नागरिकका लागि औपचारिक शिक्षा तथा अनौपचारिक शिक्षा उपलब्ध हुनेछ।

**४. औपचारिक शिक्षा** : (१) तीन वर्ष पूरा भएका बालबालिकाका लागि शिशु विकास केन्द्र र चार वर्ष पूरा भएका बालबालिकाका लागि पूर्व प्राथमिक शिक्षा सहितको प्रारम्भिक बाल विकास केन्द्र, पाँच वर्ष उमेर पूरा भएका बालबालिकाका लागि कक्षा एकदेखि उमेरअनुसार क्रमशः कक्षा आठसम्मको आधारभूत विद्यालय शिक्षा तथा तेह्र वर्ष उमेर पूरा भएका बालबालिकाका लागि कक्षा नौ देखि उमेर अनुसार क्रमशः कक्षा बाह्रसम्मको माध्यमिक विद्यालय शिक्षा प्रदान गर्नु पर्नेछ। यस्तो शिक्षा औपचारिक हुनेछ।

(२) उपदफा (१) बमोजिमको माध्यमिक शिक्षा साधारण माध्यमिक शिक्षा, संस्कृत माध्यमिक शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा तीन प्रकारको हुनेछ।

(३) उपदफा (२) बमोजिमको प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षामा व्यावहारिक तथा प्रयोगात्मक अभ्यासका लागि एक वर्ष अवधि थप हुने छ।

**५. अनौपचारिक शिक्षाको व्यवस्था:** (१) नगरपालिकाले विद्यालयमा भर्ना भई निरन्तर रुपमा शिक्षा हासिल गर्न नसक्नेहरुका लागि अनौपचारिक शिक्षा प्रणाली मार्फत् प्रौढ शिक्षा, साक्षरोत्तर र निरन्तर शिक्षाको व्यवस्था गर्नुपर्ने छ। नगरपालिकाले यस्तो शिक्षाका लागि आवश्यकता अनुसारको विधि अपनाउन सक्ने छ।

**६. विशेष शिक्षाको व्यवस्था:** (१) नगरपालिकाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई एकीकृत कक्षा वा छुट्टै विद्यालयमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट शिक्षा दिने गरी विशेष शिक्षाको व्यवस्था मिलाउनु पर्ने छ।

(२) दफा (१) को प्रयोजनका लागि नगरपालिकाले कुनै खास विद्यालयलाई विशेष शिक्षा दिने छुट्टै विद्यालयका रुपमा छनौट गर्न सक्ने छ।



गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा मधेश प्रदेश, नेपाल

नगर प्रमुख

**७. प्रारम्भिक बाल विकास शिक्षा :** (१) नगरपालिका क्षेत्रमा रहेका पाँच वर्षमुनिका बालबालिकाहरूलाई मनोरञ्जनात्मक विधिवबाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासका लागि प्रारम्भिक बाल विकास शिक्षा प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षा तीन वर्ष पूरा भएका बालबालिकाका लागि शिशु विकास केन्द्र र चार वर्ष पूरा भएका बालबालिकाका लागि पूर्व प्राथमिक शिक्षा प्रदान गरिनेछ।

(३) प्रारम्भिक बाल विकास शिक्षा सामुदायिक तथा संस्थागत रुपमा दिइने छ।

(४) उपदफा (१) बमोजिमको शिक्षा सञ्चालन गर्ने विद्यालय वा संस्थाको स्थापना, सञ्चालन प्रक्रिया, शिक्षण विधि तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

**८. आधारभूत शिक्षा:** (१) नगरपालिका क्षेत्रमा बसोबास गर्ने नागरिकका हरेक पाँच वर्ष उमेर पूरा भएका बालबालिकाका लागि कक्षा एकदेखि उमेरअनुसार क्रमशः कक्षा आठसम्म को आधारभूत विद्यालय शिक्षा, सामुदायिक विद्यालयमार्फत् आधारभूत शिक्षा प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रचलित ऐन नियम बमोजिम सामुदायिक तथा संस्थागत तथा वैकल्पिक विद्यालयबाट प्रदान गरिने छ।

(३) सामुदायिक तथा वैकल्पिक विद्यालयबाट प्रदान गरिने आधारभूत शिक्षा अनिवार्य र नि:शुल्क हुनेछ।

(४) उपदफा (२) र (३) बमोजिमको शिक्षा सञ्चालन गर्ने विद्यालय वा संस्थाको अन्य व्यवस्था तथा मापदण्ड सम्बन्धमा प्रचलित सङ्घीय कानुन तथा नगरपालिकाबाट तोकिए बमोजिम हुनेछ।

**९. माध्यमिक शिक्षा:** (१) नगरपालिका क्षेत्रमा बसोबास गर्ने तेह वर्ष उमेर पूरा भएका बालबालिकाका लागि कक्षा नौ देखि उमेर अनुसार क्रमशः कक्षा बाह सम्मको माध्यमिक विद्यालय शिक्षा प्रदान गर्नुपर्नेछ।

**१०. शिक्षाको माध्यम:** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली वा अङ्ग्रेजी वा दुवै हुनेछ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भएता पनि प्रारम्भिक बालविकास कक्षा देखि कक्षा पाँचसम्म विद्यार्थीको मातृभाषामा दिन सकिनेछ।

(३) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषामा नै हुनेछ तर गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ।

**११. अभिभावक शिक्षा:** (१) अभिभावकलाई बालबालिकाको शिक्षादिक्षा, स्वास्थ्य, पोषण, सरफाइ, सुरक्षा तथा हेरचाह सम्बन्धमा अभिभावक शिक्षा प्रदान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षाको व्यवस्था प्रचलित मापदण्ड तथा कार्यविधिबाट तोकिए बमोजिम हुनेछ।

**१२. अनौपचारिक शिक्षा:** (१) विद्यालयमा भर्ना भई निरन्तर रुपमा औपचारिक शिक्षा हासिल गर्न नसक्ने व्यक्तिलाई आवश्कतानुसर प्रौढ शिक्षा, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षाको व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले तोकिएको मापदण्ड पूरा गर्ने विद्यालय वा संस्थालाई अनुमति प्रदान गर्नसक्ने छ।

(३) उपदफा (१) बमोजिमको शिक्षाको पूर्वाधार, विधि, ढाँचा, प्रकार, पाठ्यक्रम तथा सामग्री सङ्घीय नीति-नियम तथा नगरपालिकाबाट तोकिए बमोजिम हुनेछ।

**१३. खुला तथा वैकल्पिक निरन्तर सिकाइ:** (१) विद्यालयमा भर्ना भई औपचारिक शिक्षा हासिल गर्न नसकेका व्यक्तिहरुलाई औपचारिक शिक्षाको मूल प्रवाहमा ल्याउन व्यक्तिलाई खुला/दूर शिक्षा तथा वैकल्पिक शिक्षा तथा निरन्तर सिकाइका अवसरहरु प्रदान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले तोकिएको मापदण्ड पूरा गर्ने विद्यालय वा संस्थालाई अनुमति प्रदान गर्नसक्ने छ।

(३) उपदफा (१) बमोजिमको शिक्षाको पूर्वाधार, विधि, ढाँचा, प्रकार, पाठ्यक्रम तथा सामग्री सङ्घीय नीति-नियम तथा नगरपालिकाबाट तोकिए बमोजिम हुनेछ।

**१४. सामुदायिक सिकाइ:** (१) नगरपालिकाले समुदायमा साक्षरता, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा, अभिभावक शिक्षा, आमा समूह शिक्षा, घरेलु तथा व्यावसायिक सीपको विकासका लागि सामुदायिक सिकाइका अवसरहरु प्रदान गर्नेछ।



गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

नगर प्रमुख

(२) उपदफा (१) बमोजिमको सिकाइको अवसर प्रदान गर्न सामुदायिक सिकाइ केन्द्रलाई सञ्चालन र परिचालन गर्न सक्नेछ।

(३) सामुदायिक सिकाइ केन्द्रको स्थापना, पूर्वाधार, सञ्चालन र परिचालन तोकिए बमोजिम हुनेछ।

**१५. विशेष तथा समावेशी शिक्षा:** (१) नगरपालिकाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई एकीकृत रुपमा वा छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट विशेष तथा समावेशी शिक्षा दिने व्यवस्था मिलाउनु पर्ने छ।

(२) नगरपालिकाले कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा तथा समावेशी शिक्षाको व्यवस्था गर्न सक्नेछ।

(३) दृष्टिविहीन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण-दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्नसकिने छ।

(४) उपदफा (१) बमोजिमको शिक्षा नीति, पूर्वाधार, व्यवस्थापन, सञ्चालन प्रक्रिया, शिक्षक तथा कर्मचारीको नियुक्ति, त्यस्तो शिक्षा दिने विद्यालय वा संस्थालाई प्रदान गरिने सुविधा र अनुदान तोकिए बमोजिम हुनेछ।

(५) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुने छ।

(६) नगरपालिकाले तोकिएको मापदण्ड पूरा गर्ने विद्यालयलाई विशेष शिक्षा तथा समावेशी शिक्षा सञ्चालन गर्नका लागि अनुमति प्रदान गर्नसक्ने छ।

**१६. नीति बनाउने, कानून निर्माण गर्ने, मापदण्ड तयार गर्ने, योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, मूल्यांकन गर्ने र नियमन गर्ने:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ले तोकेको काम, कर्तव्य र अधिकार बमोजिम आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धमा नीति बनाउने, कानून निर्माण गर्ने, मापदण्ड तयार गर्ने, योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, मूल्याङ्कन गर्ने र नियमन गर्ने कार्य नगरकार्यपालिकाको ऐन, नियम तथा कार्यविधि बमोजिम हुनेछ।

## परिच्छेद–३

## सामुदायिक संस्थागत गुठी सहकारी विद्यालयको स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन

**१७. विद्यालयको स्थापना:** (१) स्थानीय आवश्यकताका आधारमा नगरपालिकामा रहेका नेपाली नागरिक वा स्थानीय समुदाय वा संस्थाले प्रचलित कानून बमोजिम सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय, बाल विकास केन्द्र तथा शिक्षण संस्था स्थापना गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको विद्यालय स्थापना गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

**१८. विद्यालयको स्थापना गर्ने अनुमति तथा स्वीकृति :** (१) कुनै समुदाय, व्यक्ति वा संस्थाले नयाँ प्रारम्भिक बाल विकास केन्द्र वा विद्यालय स्थापना गर्न वा विद्यालयले तह वा कक्षा थप गर्न आवश्यक देखेमा अनुमतिका लागि वडा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै नगर कार्यपालिकाको कार्यालय, शिक्षा शाखामा निवेदन दिनुपर्ने छ।

(२) उपदफा (१) बमोजिमको विद्यालय अनुमति तथा स्वीकृति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१९. सहकारी अन्तरगत विद्यालय सञ्चालन गर्ने अनुमति:** (१) कम्पनी वा गुठी अन्तरगत सञ्चालित विद्यालयहरु सहकारी अन्तरगत सञ्चालन गर्न चाहेमा शिक्षा समितिको निर्णय बमोजिम नगरपालिकाले सञ्चालन अनुमति दिन सक्नेछ।

(२) सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्ने सम्बन्धी कार्यविधि तोके बमोजिम हुनेछ

## परिच्छेद-४

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्यांकन र नियमन

**२०. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना:** (१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउन नगरपालिकाले आवश्यकता अनुसार प्रचलित कानुन बमोजिम प्राविधिक तथा व्यावसायिक तालिमको अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको योजना तर्जुमा प्रक्रिया कार्यविधिबाट निर्धारण गरिएबमोजिम हुनेछ।

**२१. प्रविधिक शिक्षा वा व्यावसायिक तालिमको सञ्चालन:** (१) नगरपालिकाले आधारभूत तहको शिक्षा पूरा गरेको नागरिकलाई प्रचलित कानुन बमोजिम माध्यमिक शिक्षा वा सो सरहको प्राविधिक शिक्षा वा व्यावसायिक तालिम प्रदान गर्न सक्नेछ।

(२) दफा (१८) बमोजिम तालिमको योजना तथा प्रचलित कानुन बमोजिम स्थापना गरिएका प्राविधिक शिक्षा वा व्यवसायिक तालिम प्रदायक संस्था वा शिक्षालयले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्न सक्नेछ।



गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा मधेश प्रदेश, नेपाल

नगर प्रमुख

(३) उपदफा (२) बमोजिमको शिक्षण संस्था वा विद्यालय सञ्चालन गर्नु अघि त्यस्तो शिक्षण संस्था वा शिक्षालयमा यस ऐनमा उल्लेख भएका पूर्वाधारका अतिरिक्त प्रचलित नमुना बमोजिमका अन्य मापदण्ड र शर्त पूरा गर्नु पर्नेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाबाट अनुमती प्राप्त गरी कुनै पनि व्यक्तिले प्राविधिक तथा व्यवसायिक तालिम प्रदान गर्ने संस्था वा विद्यालय स्थापना गर्न सक्नेछ। तर त्यस्तो व्यक्तिले त्यस्तो शिक्षण संस्था वा विद्यालय स्थापना गर्नु अघि उपदफा (२) बमोजिमका पूर्वाधार, शर्त तथा मापदण्ड पूरा गर्नु पर्नेछ।

(५) राष्ट्रिय विकास तथा स्थानीय तहको विकासको लागि कुनै खास विधाको प्राविधिक वा व्यवसायिक मानव संशोधन वा विशेषज्ञ आवश्यक देखिएमा नगरपालिकाले तोकिए अवधिभित्र त्यस्तो सशोधन र विशेषज्ञ उत्पादन गर्न कुनै खास शिक्षण संस्थालाई निर्देशन दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम निर्देशन दिएकोमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको अवधिभित्र त्यस्तो मानव संशोधन वा विशेषज्ञ उत्पादन गर्नु त्यस्तो शिक्षण संस्थाको कर्तव्य हुनेछ।

(७) शिक्षण संस्थाले उपदफा (५) बमोजिमको मानव संशोधन उत्पादन गर्न वा त्यस्तो संशाधन उत्पादन गर्ने आवश्यक फ्याकल्टी वा शिक्षण संस्थाको संस्थागत क्षमता विकास गर्न आवश्यक अनुदान रकम माग गरी त्यसको परियोजना विवरण सहित नगरपालिकासँग अनुरोध गर्न सक्नेछ।

(८) उपदफा (५) बमोजिम रकम माग भएकोमा नगरपालिकाले स्थलगत अध्ययन अवलोकनका आधारमा प्राप्त राय सुझावका आभारमा आवश्यकता अनुसार उपयुक्त रकम सम्बन्धित शिक्षण संस्थालाई उपलब्ध गराउन सक्नेछ। त्यस्तो अवलोकन कार्यका लागि स्थलगत अध्ययन समिति गठन गर्न सक्नेछ।

२२. **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालनको अनुमति दिने वा रद्द गर्न सक्ने:** (१) नगरपालिकाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम तथा तालिमका लागि सम्बन्धन दिने अधिकार प्राप्त निकायबाट तोकिएको मापदण्ड र सो निकायको सम्बन्धनका आधारमा मापदण्ड पूरा गर्ने विद्यालय वा संस्थालाई कुनै विषयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्न अनुमति दिन सक्ने छ।

(२) उपदफा (१) अनुसार अनुमति प्राप्त विद्यालय वा संस्थाले सन्तोषजनक रुपमा तोकिएका कार्य नगरेमा नगरपालिकाले त्यस्तो अनुमति रद्द गर्नसक्ने छ। तर अनुमति रद्द गर्नुअघि त्यस्ता संस्थालाई सफाइको मौका दिनुपर्ने छ।

## परिच्छेद-५

## मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन तथा नियमन

२३. **मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति :** (१) नगरपालिकाले आधारभूत तहसम्म मातृभाषामा शिक्षा दिने विद्यालयको स्थापना र सञ्चालनका लागि अनुमति तथा स्वीकृति दिन सक्नेछ। यस्तो अनुमति सम्बन्धी प्रक्रिया ऐनको दफा १५ बमोजिम हुनेछ।

(२) दफा (१) बमोजिम अनुमति दिइएका विद्यालयले एकल भाषा भाषी विद्यालयमा मातृभाषामा शिक्षा दिने, द्वीभाषी विद्यालयमा दुवै भाषामा शिक्षा दिने र बहुभाषी विद्यालयमा भाषिक स्थानान्तरणको नीति अपनाई बालबालिकाहरुलाई उनीहरुको मातृभाषाबाट नेपाली वा अङ्ग्रेजी भाषामा सहज रुपमा लाने व्यवस्था गर्नु पर्नेछ।

(३) एकल वा द्वीभाषी विद्यालयका अभिभावकले चाहेमा त्यहाँ पनि भाषिक स्थानान्तरणको नीति अपनाउनु पर्नेछ। सबै खाले भाषाभाषीलाई एकअर्काको भाषा, लिपि तथा संस्कृति सिक्न एवं सिकाउन प्रोत्साहित गर्नु पर्नेछ।

(४) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तहभन्दा माथि मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी प्रक्रिया र मापदण्ड संघीय शिक्षा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-६

## गाभिएका वा बन्द भएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन

२४. **विद्यालय सार्न, गाभ्ने, नाम परिवर्तन गर्न वा बन्द गर्ने:** (१) नगरपालिकाले सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप वा तह थप गरी सञ्चालन गर्न अनुमति दिनसक्ने छ।

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा मधेश प्रदेश, नेपाल

नगर प्रमुख

(२) कुनै विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा नगर शिक्षा समितिले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्ने छ ।

(३) कुनै विद्यालय अर्को विद्यालयमा गाभिने भएमा त्यस्तो विद्यालयको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्रीको विवरण अद्यावधिक गरी गाभिए पश्चात् अस्तित्वमा रहने विद्यालयमा हस्तान्तरण एवम् जिन्सी दाखिला गरी अभिलेखमा आम्दानी बाँध्नुपर्ने छ ।

**२५. गाभिएका वा बन्द भएका विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा नगरपालिकाको निर्णय अनुसार उपयोग गरिनेछ ।

(२) शैक्षिक गुठी अन्तरगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकामा जानकारी दिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि सङ्घीय सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त गरेको सम्पत्ति सङ्घीय सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

## परिच्छेद-७

## नगर शिक्षा समिति गठन तथा व्यवस्थापन

**२६. नगर शिक्षा समितिः** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहने छः

(क) नगरपालिका प्रमुख – अध्यक्ष

(ख) नगरपालिकाकले तोकेको नगरपालिकाको सदस्यहरुमध्येबाट कम्तिमा एक जना महिला सहित दुई जना-सदस्य

(ग) सम्बन्धित नगरपालिका क्षेत्रभित्र रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट जिल्ला शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(घ) स्थानीय समाज सेवी वा शिक्षाप्रेमीहरुमध्येबाट नगर शिक्षा समितिबाट मनोनित एक जना दलित र दुई जना महिला सहित तीन जना – सदस्य

(ङ) सम्बन्धित नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट सम्बन्धित नगरपालिकाले मनोनित गरेको कम्तिमा एक जना महिला सहित दुई जना - सदस्य

(च) सम्बन्धित नगरपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुनेगरी नगर शिक्षा समितिले मनोनित गरेको अपाङ्गता भएका व्यक्ति – सदस्य

(छ) नगरपालिकाको कार्यालयका वरिष्ठतम् शिक्षा अधिकृत– सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यहरु प्रत्येक वर्ष परिवर्तन हुनेछन् ।

(३) उपदफा (१) अन्तर्गतका मनोनित तथा अन्य सदस्यहरूले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ । यसरी हटाए उपर चित्त नबुझेमा न्यायिक समितिमा उजुरी लाग्नेछ ।

(४) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

**२७. वडा शिक्षा समिति :** (१) नगरपालिकाका प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछः

(क) सम्बन्धित वडाका वडा अध्यक्ष –संयोजक

(ख) वडा समितिका सदस्यहरुमध्ये वडा समितिले तोकेको एक जना –सदस्य

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा मधेश प्रदेश, नेपाल

नगर प्रमुख

(ग) सम्बन्धित वडाका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट वडा शिक्षा समितिका संयोजकले तोकेको एकजना –सदस्य

(घ) सम्बन्धित वडाका प्रधानाध्यापकहरुले आफूहरु मध्येबाट छानी पठाएको प्रतिनिधि एक जना –सदस्य

(ङ) सम्बन्धित वडाका वडा सचिव –सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-८

## विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

**२८. सामुदायिक विद्यालय व्यवस्थापन समिति गठन :** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) अभिभावकले आफू मध्येबाट छानी पठाएका दुई जना महिला सहित चार जना - सदस्य

(ख) नगरपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको एक जना –सदस्य

(ग) शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि एक जना –सदस्य

(घ) विद्यालयका प्रधानाध्यापक –सदस्य सचिव

(२) विद्यालय स्तरीय बालक्लबले मनोनयन गरेको एक छात्र र एकजना छात्रा गरी दुई जना आमन्त्रित सदस्य हुनेछन्।

(३) प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा उद्योग वाणिज्य संघका दुईजना प्रतिनिधि सदस्य रहनेछन।

(४) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा चालिस प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य हुनेछन।

(५) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ।

(६) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा खण्ड (क) बमोजिमका सदस्यहरुमध्येको जेष्ठ सदस्यले सो समितिको अध्यक्षता गर्नेछ।

(७) विद्यमान व्यवस्थापन समितिको म्याद सिद्धिनु भन्दा कम्तीमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गर्नु पर्नेछ।

(८) नगरपालिकाका शिक्षा अधिकृत/विद्यालय निरीक्षकलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकका रुपमा आमन्त्रण गरिनेछ।

(९) विद्यालय व्यवस्थापन समिति पदावधि ३ वर्षको रहनेछ।

(१०) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य प्रक्रिया देहाय बमोजिम हुनेछ।

(क) अभिभावक भेला हुनुभन्दा कम्तीमा ७ (सात) दिनअघि अभिभावक भेला हुने सूचना दिनुपर्नेछ।

(ख) विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकको सूची अभिभावक भेला हुनुभन्दा ३ (तिन) दिनअघि प्रकाशन गर्नुपर्नेछ। अभिभावकको सूचीमा आमा र बाबु दुवै नभएका (लामो समयदेखि घर बाहिर वा विदेश गएको वा मृत्यु भएको अवस्थामा) विद्यार्थीको बाजे बाजे वा बज्यै वा सो समेत नभएमा संरक्षकको नामलाई अभिभावकको सूचीमा समावेश गर्नुपर्नेछ। अभिभावकको त्यस्तो सूचीमा अभिभावकको नाम, ठेगाना, विद्यार्थीको नामथर, कक्षा र रोल नम्बर उल्लेख गर्नुपर्नेछ।

(ग) अभिभावकको न्यूनतम उमेर २५ वर्ष पुगेको हुनुपर्नेछ। अभिभावकको सूची उपर दाबी विरोध आएमा छनबिन गर्नुपर्नेछ। दाबी विरोध ठिक ठहर भएमा नामावली थपघट गरी संशोधित नामावली प्रकाशन गर्नुपर्नेछ। एक जना अभिभावकको एक जना भन्दा बढी विद्यार्थी अध्ययनरत भए अभिभावकको सूचीमा एक जना अभिभावकको नाम मात्र समावेश गर्नुपर्नेछ। विद्यालयमा भर्ना भएका तर शैक्षिक सत्र शुरुभएको दिनदेखि अभिभावकको भेला हुने

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल



नगर प्रमुख

दिनसम्ममा कक्षामा ७० प्रतिशतभन्दा कम उपस्थित भएका विद्यार्थीको अभिभावकलाई सूचीमा समावेश गर्न पाइने छैन।

(घ) सम्पूर्ण अभिभावकमध्ये ५० प्रतिशतभन्दा बढी अभिभावकको भेलालाई गणपूरक सङ्ख्या मान्नु पर्नेछ। गणपूरक सङ्ख्या नपुगेमा सात दिनभित्र दोस्रो पटकको भेला बोलाउनु पर्नेछ र ३३ प्रतिशत भेला भएमा त्यसलाई गणपूरक मान्नुपर्नेछ। ३३ प्रतिशत उपस्थिति नपुगेमा पुन: ५ दिनभित्र तेस्रो भेला बोलाउनु पर्नेछ। तेस्रो भेलामा जति जना उपस्थित हुन्छन् त्यति जनालाई गणपूरक सङ्ख्या मान्नुपर्नेछ। निर्णयहरु बहुमतको आधारमा गर्नुपर्नेछ।

**२९. संस्थागत विद्यालय व्यवस्थापन समिति गठन :** (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरू मध्ये कम्तीमा माध्यामिक तह उत्तीर्ण गरेको व्यक्तिबाट विद्यालयको सिफारिसमा नगर प्रमुखले मनोनित गरेको व्यक्ति – अध्यक्ष

(ख) सम्बन्धित वडाका अध्यक्ष वा निजले मनोनित गरेको एक जना सदस्य-– सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना– सदस्य

(घ) अभिभावकहरू मध्येबाट एक जना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका दुई जना – सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना शिक्षक – सदस्य

(च) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

**३०. सामुदायिक तथा संस्थागत विद्यालय व्यवस्थापन समितिको पदावधि र अन्य थप कुरा:** (१) सामुदायिक तथा संस्थागत विद्यालय व्यवस्थापन समितिमा छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सकिने छ। तर त्यसरी पदबाट हटाउनुअघि निजलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(२) व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ।

(३) सामुदायिक तथा संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(४) शिक्षा शाखाका प्रमुख वा अधिकृत कर्मचारी वा विद्यालय निरीक्षकलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा आमान्त्रित गर्न सकिनेछ।

**३१. विद्यालय व्यवस्थापन समितिको विघटन** : (१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाइ नगरपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई तोकिएको प्रक्रिया पुर्‍याई विघटन गर्न सक्नेछ। तर त्यसरी विघटन गर्नुअघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विगठन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगरपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

**३२. व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्ने :** देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन:

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको,

(ग) प्रचलित कानुन बमोजिम कालो सूचीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(ङ) अन्य विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य पदमा रहेको

(च) सरकारी, अर्ध सरकारी वा गैरसरकारी सङ्घ / संस्थामा लाभको पदमा बहाल रहेको

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा मधेश प्रदेश, नेपाल

नगर प्रमुख

## परिच्छेद-९
## विद्यालयको नामाकरण

**३३. विद्यालयको नामाकरण:** (१) समाज तथा राष्ट्रकै लागि उल्लेखनीय योगदान गर्ने वा ऐतिहासिक व्यक्ति, देवी देवता, तीर्थस्थल वा प्राकृतिक सम्पदा आदिको नामबाट नेपालीपन झल्कने गरी विद्यालयको नामाकरण गर्नुपर्नेछ। विद्यालयको नामको अन्तमा तह र तहपछि ''विद्यालय'' शब्द राखिएको हुनुपर्नेछ।

(२) संस्थागत विद्यालयले आफ्नो नाममा ''पब्लिक'' शब्द जोड्न चाहेमा कम्तिमा एक तिहाई विद्यार्थी पूर्ण छात्रवृत्तिमा अध्ययनरत रहेको हुनुपर्नेछ। कुनै संस्थागत विद्यालयले आफ्नो नाममा ''नेसनल'' शब्द जोड्न चाहेमा नेपालको कम्तीमा २५ जिल्लाका विद्यार्थी अध्ययनरत रहेको हुनुपर्नेछ र कुनै संस्थागत विद्यालयले आफ्नो नाममा ''इन्टरनेशनल'' शब्द जोड्न चाहेमा कम्तिमा एक तिहाई संख्यामा विदेशी विद्यार्थी अध्ययनरत हुनुपर्नेछ। संस्थागत विद्यालयको नामको अन्तमा ''विद्यालय'', ''स्कूल'' वा ''पाठशाला'' शब्द जोडिएको हुनुपर्नेछ।

(३) विद्यालयको लेटर प्याड तथा साइन बोर्डमा विद्यालयको पूरा नामको तल दोस्रो हरफमा सञ्चालित कक्षा खुल्ने गरी कोष्ठमा कक्षा देखि सम्म उल्लेख गर्नुपर्नेछ।

(४) प्राविधिक शिक्षा सञ्चालन गर्ने अनुमति पाएको सामुदायिक विद्यालयले आफ्नो विद्यालयको नामको पछाडि कोष्टकमा प्राविधिक शिक्षा सञ्चालन गर्ने अनुमति प्राप्त विद्यालय भनी थप गर्न सक्नेछ।

(५) तर यो उपदफा लागू हुनु अगावै यस दफा विपरितका शब्दहरु जोडिई नामाकरण भै सकेका विद्यालयको हकमा यो ऐन जारी भएपछिको दोस्रो शैक्षिक शत्रको सुरुदेखि नै लागू हुने गरी उपयुक्त व्यवस्था पालना वा पुनर्नामाकरण गर्नु पर्ने छ।

(६) आधारभूत शिक्षा र माध्यमिक शिक्षा सञ्चालन विद्यालयले आफ्नो साइन बोर्ड वा लेटर प्याडमा विद्यालयको पूरा नामको तल कोष्टकमा सञ्चालित कक्षा देखि-सम्म (जस्तै: कक्षा १-८) खुलाउनु पर्नेछ।

(७) विद्यालयको नामाकरण सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१०
## सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

**३४. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व:** (१) यो ऐन प्रारम्भ हुँदाको बखत विद्यालयको स्वामित्व वा हक भोगमा रहेको वा यो ऐन प्रारम्भ भएपछि विद्यालयले प्राप्त गरेको सम्पूर्ण जग्गा-जमीन वा चल-अचल सम्पति विद्यालयको सम्पति मानिने छ। सामुदायिक विद्यालयको हकभोगमा रहेको जग्गा-जमीन तथा सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। नेपाल सरकारको स्वीकृति बिना विद्यालयको चल, अचल सम्पति विद्यालयको कुनै किसिमले हक छाडी कसैलाई दिन सकिने छैन। शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको स्वामित्वमा राख्नु पर्नेछ।

**३५. सामुदायिक विद्यालयको सम्पत्तिको अभिलेख:** (१) विद्यालयको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्तिको सुरक्षा गर्ने र सम्बन्धित निकायबाट समयमै अभिलेख प्रमाणित गराई सुरक्षित राख्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ।

(२) सामुदायिक विद्यालयको नाममा रहेको उपदफा (१) बमोजिमको सम्पत्तिको विवरण शिक्षा शाखामा पठाउनु पर्नेछ र सोको लगत सङ्कलन तथा अध्यावधिक तथा सार्वजनिक गर्ने जिम्मेवारी शिक्षा शाखाको रहनेछ।

**३६. सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन:** (१) नगर कार्यपालिकाको पूर्व स्वीकृति नलिई सार्वजनिक विद्यालयको नाममा रहेको जग्गा बिक्री वा धितो राख्न वा सट्टापट्टा गर्न पाइने छैन।

(२) यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा नगरपालिकाले सामुदायिक वा सार्वजनिक हितका अन्य कार्यमा प्रयोग गर्न वा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिकाको शिक्षा कोषमा जम्मा गर्न सक्नेछ।

(३) मनासिब कारण परी विद्यालयको सम्पति बेचबिखन वा सट्टा पट्टा गर्नु परेमा स्किृतिको लागि सम्बन्धित विद्यालयले त्यसको कारण खुलाई वडा कार्यालयको सिफारिस सहित नगरपालिकामा अनुरोध गर्न सक्नेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघं संस्थाबाट दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नुअघि नगरपालिकाको स्वीकृति लिनु पर्नेछ।

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा मधेश प्रदेश, नेपाल

नगर प्रमुख

(५) नगरपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नगरपालिकाको स्वीकृतिबेगर बेचबिखन गर्न पाइनेछैन।

**३७. विद्यालयलाई छुट र सुविधाः** (१) नगरपालिकामा सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्नेछैन।

(२) उपदफा (१) मा लेखिएको बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नगरपालिकाले तोकेबमोजिमको आधारमा रजिस्ट्रेसन दस्तुर लाग्नेछ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-११

## विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यपुस्तकको वितरण

**३८. शिक्षाको गुणस्तर अभिवृद्धि :** (१) कुनै पनि विद्यालय वा शिक्षण संस्थाले गुणस्तरीय शिक्षा प्रदान गर्नु आफ्नो प्रमुख जिम्मेवारी रहेको कुरा बोध गरी प्रचलित कानून बमोजिम विद्यालय वा शिक्षण संस्था सञ्चालन गर्नु पर्नेछ र शिक्षण मैत्री वातावरणमा सहज रुपमा पठन पाठन हुने गरी व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्न आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधार, मानव स्रोत तथा अन्य आवश्यक सुविधा जुटाउने वा व्यवस्था गर्ने जिम्मेवारी सम्बन्धित विद्यालय तथा शिक्षण संस्थाका सञ्चालकको हुनेछ।

(३) उपदफा (१) बमोजिम पठन-पाठन गर्दा वा गराउँदा सम्बन्धित विषयको प्रकृति अनुसार सामुदायिक कार्य, खोज-अनुसन्धान, पुस्तकालय-भ्रमण, प्रयोगशाला परीक्षण वा व्यावहारिक-अभ्यास जस्ता सक्रीय सिकाइका माध्यम समेत अपनाउनु पर्नेछ।

(४) विद्यालय वा शिक्षण संस्थाले उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी विना भेदभाव सबै विद्यार्थीलाई गुणस्तरीय शिक्षा, शैक्षिक सुविधा तथा उपचारात्मक शिक्षणका वैकल्पिक अवसरहरु उपलब्ध गराउनु पर्नेछ।

(५) विद्यालय वा शिक्षण संस्थाले प्रत्येक वर्ष शैक्षिक क्यालेन्डर प्रकाशन गरी सोही अनुसार विद्यार्थी भर्ना गर्ने, पठनपाठन सुचारु गर्ने, अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने, सुधारात्मक तथा निर्णयात्मक मूल्याङ्कन गर्ने, परीक्षाफल प्रकाशन गर्ने र नतिजाको विश्लेषणका कार्यहरु सञ्चालन गर्नुपर्नेछ।

(६) विद्यालयमा गुणस्तरीय शिक्षाको मापदण्ड तथा शर्तहरु कार्यान्वयन गर्नका लागि शिक्षा शाखाले विद्यालयका प्रधानाध्यापक तथा प्रधानाध्यापकले शिक्षकहरुलाई करार सम्झौता गराउन सक्नेछ।

(७) मनासिव कारणबिना उपदफा (८) बमोजिमको करार बमोजिम कार्य सम्पादन हुन नसकेमा सम्बन्धित विद्यालय वा शिक्षण संस्थाको प्रमुख जिम्मेवार हुनेछ।

(८) गुणस्तरीय शिक्षाको मानक तथा त्यसको मूल्याङ्कनका मापदण्ड तथा शर्तहरु तोकिए बमोजिम हुनेछ।

(१०) विद्यालय वा शिक्षण संस्थाको जिम्मेवारी तथा कार्य सम्पादन करार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३९. शैक्षिक गुणस्तर तथा सिकाइ उपलब्धि मापन सम्बन्धी व्यवस्थाः** (१) विद्यालयले प्रत्येक शैक्षिक सत्रको पहिलो महिनाभित्र अघिल्लो शैक्षिक सत्रको परीक्षाफलको विश्लेषण गरी नगर शिक्षा समिति समक्ष सुझाव सहितको प्रतिवेदन पेस गर्नुपर्ने छ।

(२) नगर शिक्षा समितिले उपदफा (१) बमोजिम प्राप्त विश्लेषणको अध्ययन गरी शैक्षिक गुणस्तर बढोत्तरीका लागि आवश्यक सुधारको प्रक्रिया अगाडि बढाउनुपर्ने छ।

(३) उपदफा (२) बमोजिमको प्रक्रिया कार्यविधिमा तोकिए बमोजिम हुनेछ।

**४०. पाठ्यपुस्तकको प्रयोग :** (१) विद्यालयले नेपाल सरकारले तोकेको पाठ्यक्रम बमोजिम अपेक्षित सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ।

(२) विद्यालयमा पठनपाठन हुने पाठ्यपुस्तकको प्रयोग प्रचलित कानुन र पाठ्यक्रम बमोजिम हुने छ।

(३) नगरपालिकाले सङ्घीय र प्रदेश कानून बमोजिम आफ्नो विशिष्ट आवश्यकता अनुसारको स्थानीय पाठ्यक्रम वा पूरक अध्ययन सामग्री वा स्रोतसामग्री तयार गरी पठनपाठन गराउन सक्ने छ। सो प्रयोजनका लागि नगरपालिकाले शिक्षा शाखाबाट स्थानीय पाठ्यक्रम विकास गर्न सक्नेछ।

(४) स्थानीय पाठ्यक्रम विकास सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा मधेश प्रदेश, नेपाल

नगर प्रमुख

**४१. बहुपाठ्यपुस्तकको प्रयोग**: (१) नगरपालिकाले विद्यालय तहको पाठ्यक्रमअनुसार नेपाली, अङ्ग्रेजी, संस्कृत र अन्य स्थानीय भाषामा समेत विभिन्न विषय र विभिन्न प्रकारका पाठ्यपुस्तकको विकास गरी पठनपाठनमा चयनको अवसर वृद्धि गर्न सक्नेछ।

(२) उपदफा (१) लागि नगरपालिकाले बहुपाठ्यपुस्तक नीति कार्यान्वयन गर्ने व्यवस्था मिलाउने छ। (३) बहुपाठ्यपुस्तक नीति कार्यान्वयनका लागि नगरपालिकाले छुट्टै कार्यविधि जारी गर्ने छ।

**४२. पाठ्यपुस्तकको वितरण:** (१) समयमै पाठ्यपुस्तक वितरण व्यवस्थापनमा समन्वय गर्ने दायित्व नगरपालिकाको हुनेछ।

(२) नगरपालिकाले विद्यालयलाई पाठ्यपुस्तकवापत अनुदानका रूपमा उपलब्ध गराएको एकमुष्ठ रकमबाट विद्यालयले शैक्षिक सत्रको प्रारम्भमै पाठ्यपुस्तक वितरण गर्नुपर्ने छ।

(३) उपदफा ( २) अनुसार पाठ्यपुस्तक वितरण गर्दा नेपाल सरकारले नि:शुल्क पाठ्यपुस्तक पाउने भनी तोके अनुसारका कक्षामा भर्ना भएका सबै विद्यार्थीलाई सेटमा नै नि:शुल्क पाठ्यपुस्तक उपलब्ध गराउनु पर्नेछ।

(४) विद्यालयले विद्यार्थीहरूलाई नयाँ पाठ्यपुस्तक वितरण गर्नुभन्दा पहिले अघिल्लो वर्ष निजहरूलाई वितरित पाठ्यपुस्तकहरू फिर्ता लिई उपयोग गर्न योग्य पुस्तकहरू पुस्तकालय वा पुस्तक कुना (बुक कर्नर ) मा राख्ने व्यवस्था मिलाउनु पर्ने छ।

(५) विद्यालयले पाठ्यपुस्तक वितरण गरेको विवरण शैक्षिक सत्र शुरु भएको दुई महिनाभित्र सार्वजनिक सूचना टाँस गरी सरोकारवालालाई जानकारी गराउनु पर्ने छ। यस्तो सूचनामा पाठ्यपुस्तकको लागि प्राप्त रकम, पुस्तक खरीदको विवरण, (विक्रेताको नाम र स्थान समेत), पूराना पुस्तक फिर्ताको विवरण समेत हुनुपर्नेछ र त्यसको एकप्रति शिक्षा शाखामा पठाउनु पर्ने छ।

(६) उपदफा (२) र (३) मा उल्लिखित प्रयोजनका लागि नगरपालिकाले सम्बन्धित कार्यालयमा शैक्षिक सत्र सुरु हुनुभन्दा एक महिना अगावै सामुदायिक विद्यालयहरुमा अघिल्लो शैक्षिक सत्रको वार्षिक परीक्षामा सहभागी भएका विद्यार्थी सङ्ख्यालाई आधार मानी सामुदायिक विद्यालयहरूको खातामा एकमुष्ट अनुदान निकासा गरिसक्ने व्यवस्था मिलाउनु पर्ने छ।

(७) विद्यार्थीबाट फिर्ता लिइएका प्रयोग गर्न योग्य पुस्तकहरु पुस्तकालय तथा पुस्तक कुनामा राख्ने व्यवस्था मिलाउने र जीर्ण भएका पुस्तक तथा अन्य सामग्री शिक्षा शाखाका कर्मचारी, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको रोहबरमा निर्णय गराई धुल्याउने व्यवस्था गर्न सकिनेछ।

## परिच्छेद-१२

## सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान

**४३. शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान :** (१) नगरपालिकाले नगर पालिकाको कार्यक्षेत्रमा रहेका विद्यालयका स्थायी, अस्थायी करार, राहत तथा नगरपालिकाको अनुदानमा नियुक्त शिक्षकहरु र कर्मचारीको दरबन्दी मिलान गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगर शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित रुपमा अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा आवश्यक मापदण्डसहित तोकिए बमोजिम विद्यार्थी/शिक्षक अनुपात निर्धारण गर्नु पर्नेछ।

(३) दरबन्दी मिलानको समयमा नगर शिक्षा समितिले नगर पालिकाको कार्यक्षेत्रमा रहेका विद्यालयका स्थायी, अस्थायी करार, राहत तथा नगरपालिकाको अनुदानमा नियुक्त शिक्षक र कर्मचारीको सरुवा वा काज सरुवा गर्न सक्नेछ।

(४) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान सम्बन्धी थप व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१३

## विद्यालयको नक्साङ्कन समायोजन तथा नियमन

**४४. विद्यालयको नक्साङ्कन:** (१) नगरपालिकाले सम्बन्धित वडा शिक्षा समितिको सिफारिस तथा नगर शिक्षा समितिको निर्णय बमोजिम विद्यालयको सेवाक्षेत्रको नक्साङ्कन गर्न सक्नेछ।

(२) विद्यालयको सेवाक्षेत्रको आधार र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

**४५. विद्यालयको समायोजन, अनुमति र स्वीकृति:** (१) नगरपालिकाले सम्बन्धित वडा शिक्षा समितिको सिफारिसमा नगर शिक्षा समितिको निर्णय बमोजिम सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई दूरी, विद्यार्थी सङ्ख्या, गुणस्तरीयता, सञ्चालन क्षमताको आधारमा गाभ्न, तह वा कक्षा घटाउन वा एक ठाउँबाट अर्को ठाउँमा सार्न वा आवश्यक नभएको पर्याप्त आधार भएमा बन्द गर्न वा आवश्यक क्षेत्रमा खोल्न वा अर्को ठाउँमा विद्यालय सार्न वा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन वा नाम परिवर्तन गर्न सक्नेछ।

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा मधेश प्रदेश, नेपाल

नगर प्रमुख

(२) उपदफा (१) बमोजिम गाभिएका वा बन्द गरिएका वा ठाउँ सारिएका विद्यालयको सम्पत्तिको व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको व्यवस्थाको आधार र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१४

## सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

**४६. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण मर्मत सम्भार तथा व्यवस्थापन:** (१) विद्यालय वा शिक्षण संस्था स्थापना र सञ्चालन गर्दा विद्यालय वा शिक्षण संस्था सञ्चालन गर्नुअघि आवश्यक भवन तथा अन्य भौतिक पूर्वाधार संरचनाको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सुविधा अन्तरगत विद्यालय वा शिक्षण संस्थाले प्रयोग गर्ने शिक्षाको स्तर तथा प्रकृति अनुसार उपयुक्त विज्ञान तथा भाषा प्रयोगशाला, सङ्ग्रहालय, व्यावहारिक शिक्षाको लागि कार्यशाला, विद्युत आपूर्ति तथा वितरण, सूचना प्रविधि, श्रव्यदृश्य उपकरण, मेशिन तथा औचारको प्रबन्ध हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको पूर्वाधार विद्यालयको तह, भौगोलिक वातावरण, विद्यार्थीको उमेर र सङ्ख्या, अध्ययन अध्यापन हुने विषय, समावेशिता तथा समसामयिक आवश्यकता अनुकूल हुनुपर्ने छ।

(४) उपदफा (१) बमोजिमको सुविधा तथा पूर्वाधार विद्यालय वा शिक्षण संस्थामा कार्यरत शिक्षक वा कर्मचारी, अध्ययनरत विद्यार्थी वा विद्यालय वा शिक्षण संस्था भ्रमण गर्ने आगन्तुकले विद्यालयमा नि:शुल्क र सहजै प्रयोग गर्न पाउने व्यवस्था हुनु पर्नेछ।

(५) विद्यालयले आफ्नो स्वामित्व रहेको हाता वा जग्गाजमिनमा कुनै किसिमको भौतिक पूर्वाधार निर्माण गर्नुअघि नगर कार्यपालिकाको स्वीकृति लिनुपर्ने छ।

(६) विद्यालयको पूर्वाधारको, संरचना, मापदण्ड तथा मर्मत सम्भार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१५

## आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन

**४७. परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन:** (१) आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षाको सञ्चालन, व्यवस्थापन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापन नगर कार्यपालिकाबाट स्वीकृत कार्यविधि तथा मापदण्ड बमोजिम गठित समितिले गर्नेछ।

(२) उपदफा (१) बाहेकका कक्षाहरुको आन्तरिक मूल्याङ्कन र परीक्षा प्रचलित सङ्घीय कानूनले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ।

(३) नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा आधारभूत तहको परीक्षा सञ्चालन तथा समन्वयको लागि गठन गर्नुपर्ने परीक्षा समिति तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**४८. संस्थागत विद्यालयले परीक्षा शुल्क वापतको रकम जम्मा गर्नु पर्ने:** (१) उपदफा (४४) बमोजिमको परीक्षा गर्दा नगरपालिकाले तोके बमोजिमको शुल्क सम्बन्धित संस्थागत विद्यालयले नगरपालिकाको राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

(२) संस्थागत विद्यालयले तोकिएको रजिस्ट्रेसन, परीक्षा तथा प्रमाणपत्र वापतको विद्यार्थीबाट लिएको शुल्क नगरपालिकाको राजस्व खातामा जम्मा गरी नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखामा त्यसको जानकारी दिनु पर्नेछ।

## परिच्छेद-१६

## विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन

**४९. विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण :** (१) शिक्षाको समग्र विकास र प्रभावकारिता, विद्यार्थीको सिकाइ उपलब्धिको सुदृढीकरण, शैक्षिक गुणस्तर अभिवृद्धि, परीक्षाको नतिजा सुधार तथा समता अभिवृद्धिका लागि नगरपालिकामा रहेका विद्यालयका सबै तह र कक्षाका विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरिनेछ।

(२) शिक्षण सिकाइमा सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु, विद्यार्थीको तह र योग्यता प्रमाणित गर्नु र विद्यार्थीको सिकाइ उपलब्धिमा आएको परिवर्तन र प्रवृत्ति अध्ययन गर्नु र सुधारका लागि गर्नुपर्ने कार्यहरु सिफारिस गर्नु सिकाइ उपलब्धि परीक्षणको मुख्य उद्देश्य हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कार्यका सम्बन्धी अन्य व्यवस्था, परीक्षण विधि र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा मधेश प्रदेश, नेपाल



नगर प्रमुख

## परिच्छेद-१७

### नि:शुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन

**५०. नि:शुल्क शिक्षा**: (१) सामुदायिक विद्यालयहरुबाट प्रदान गरिने माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क र आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क हुनेछ।

(२) नि:शुल्क शिक्षा सम्बन्धी थप व्यवस्था र प्रक्रिया प्रचलित ऐन नियम तथा कार्यविधिबाट तोकिए बमोजिम हुनेछ।

(३) संस्थागत विद्यालयहरूले संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ बमोजिमको प्रक्रिया पूरा गरी भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न विद्यालयले एउटा विद्यार्थी छनौट समिति गठन गर्नु पर्नेछ।

(५) प्रत्येक विद्यालयले आफूले उपलब्ध गराएको आधार सहितको छात्रवृत्तिको विवरण नगर शिक्षा समितिमा पेस गर्नुपर्नेछ।

**५१. विद्यार्थी प्रोत्साहन :** (१) नगरपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई विद्यालयमा टिकाउन र उनीहरुको पढाइ लेखाइमा प्रोत्साहनका लागि पढाइलेखाइ र खेलकुदका सामग्रीको वितरण, प्रयोगशाला र खेलकुदको भौतिक पूर्वाधार निर्माण, सुचना प्रविधिका उपकरणमा पहुँच, स्वास्थ्य परामर्श र उपचार तथा आर्थिक रुपमा विपन्न र अपाङ्गता भएका परिवारका बालबालिकाहरुलाई छात्रवृत्ति रकम र दिवा खाजाको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विद्यार्थी प्रोत्साहनको व्यवस्था र प्रक्रिया नगरपालिकाको कार्यविधिमा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१८

### ट्युसन कोचिङ जस्ता विद्यालयबाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन

**५२. विद्यालयबाहिर हुने अध्यापन सेवाको अनुमति :** (१) गोलबजार नगरपालिकाभित्र कसैले पनि अनुमति नलिई विद्यालय बाहिर आमने-सामने वा दूर शिक्षा वा अनलाइन-अफलाइन विधिमा सञ्चालन हुने शैक्षिक परामर्श सेवा, ब्रिजकोर्स, कोचिङ क्लास, ट्युसन सेन्टर, भाषा कक्षा, पेसागत सेवाको छनौट सम्बन्धी परीक्षाको पूर्वतयारी कक्षा, सिर्जनात्मक कलासम्बन्धी पाठशाला, विद्यार्थी होस्टल, खेलकुद र अन्य कुनै पनि प्रकारका अध्यापन सेवा वा सहयोग केन्द्र वा शैक्षिक संस्था सञ्चालन गर्न पाउने छैन।

(२) कसैले उपदफा (१) बमोजिमको अध्यापन सेवा तथा शैक्षिक संस्था सञ्चालन गर्न वडा कार्यालयको सिफारिस सहित शिक्षा शाखामा निवेदन दिएमा नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी निवेदकलाई शर्त तोकी त्यस्तो अध्यापन सेवा प्रदान गर्ने अनुमति सक्नेछ।

(३) दफा (२) बमोजिमका विद्यालय बाहिर सञ्चालन हुने अध्यापन सेवा वा सहयोग केन्द्र सञ्चालन गर्न चाहने वा यसअघि नगरपालिकामा दर्ता भई वा नभई सञ्चालनमा रहेका सबै संस्थाहरुले शैक्षिक सत्र शुरु हुनुभन्दा दुई महिना अगावै कक्षा सञ्चालन सम्बन्धी प्रस्ताव सहित तोकिएको ढाँचामा शिक्षा शाखामा निवेदन दिनु पर्नेछ।

(४) दफा (१) मा उल्लिखित शैक्षिक संस्थाहरुले अनुमति लिई सके पछि प्रत्येक वर्ष लेखा परीक्षण गराई नवीकरण गर्नु पर्नेछ।

(५) दफा (१) बमोजिमका संस्थाले लिनुपर्ने अनुमति सम्बन्धी थप व्यवस्था कार्यविधिबाट तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -१९

### स्थानीय स्तरको शैक्षिक ज्ञान सीप र प्रविधिको संरक्षण, प्रबर्द्धन र स्तरीकरण

**५३. स्थानीय स्तरको शैक्षिक ज्ञान सीप र प्रविधिको पहिचानः** (१) गोलबजार नगरपालिका क्षेत्रमा रहेका स्थानीय तथा परम्परागत ज्ञान र सीपहरुको पहिचान गरी विद्यालयमा स्थानीय पाठ्यक्रम वा पाठ्यसामग्री वा पूरक अध्ययन सामग्रीका रुपमा विकास गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तयार हुने ज्ञान, सिप र प्रविधि सम्बन्धी पाठ्यसामग्री जीवनोपयोगी, व्यावहारिक, सूचनामूलक र नागरिकको बौद्धिक तथा समग्र व्यक्तित्व विकास गर्ने प्रकृतिको हुनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम तयार गरिएको सामग्रीलाई विद्यालय शिक्षा वा अनौपचारिक शिक्षामा पठनपाठनका लागि प्रयोग गर्न गराउन सकिने छ।

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा मधेश प्रदेश, नेपाल

नगर प्रमुख

(४) दफा (१) सम्बन्धमा दफा (३८) को उपदफा (४) बमोजिम गठन हुने स्थानीय पाठ्यक्रम विकास केन्द्रको स्थानीय स्तरको शैक्षिक ज्ञान सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण सम्बन्धी व्यवस्था कार्यविधिले तोके बमोजिम हुनेछ ।

**परिच्छेद-२०**

**स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन र व्यवस्थापन**

**५४. स्थानीय पुस्तकालय र वाचनालयको स्थापना :** (१) नगरपालिकाका नागरिकहरुमा पठन संस्कृतिको विकास गर्न र जीवन पर्यन्त सिकाइलाई सघाउन नगरपालिकमा पुस्तकालयको स्थापना गर्न सक्नेछ ।

(२) प्रत्येक वडामा एक, एक वटा सामुदायिक पुस्तकालय तथा वाचनालयको स्थापना गर्न सक्नेछ ।

(३) यो ऐन जारी हुनुभन्दा पहिले स्थापना भएका पुस्तकालयहरुलाई आधुनिकीकरणका लागि आवश्यकता हेरी अनुदान दिन सक्नेछ ।

(४) पुस्तकालयको स्थापना सञ्चालन तथा उपदफा (३) बमोजिमको अनुदान सम्बन्धी व्यवस्था नगरपालिकाको कार्यविधिले तोके बमोजिम हुनेछ ।

**परिच्छेद-२१**

**माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन**

**५५. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन :** (१) नगरपालिकाले प्रचलित कानुन बमोजिम गठित नगर र वडा शिक्षा समिति, विद्यालय व्यस्थापन समिति तथा शैक्षिक संस्थाहरुलाई निर्देशन दिन सक्नेछ ।

(२) नगरपालिका क्षेत्रमा सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालय, प्रारम्भिक बाल विकास केन्द्र, सामुदायिक सिकाइ केन्द्र, विद्यालय बाहिर सञ्चालन हुने अध्यापन सेवा केन्द्र, पुस्तकालय, वाचनालय, शैक्षिक परामर्श सेवा केन्द्र र निजी स्तरमा खुलेका सिप विकास सम्बन्धी तालिम केन्द्रहरुले नगरपालिकासँग सम्पर्क र समन्वयमा रही कार्य गर्नु पर्नेछ ।

(३) नगरपालिकाले दिइएको निर्देशनको पालना गर्नु उपदफा (१) र (२) बमोजिमका समिति र संस्थाहरुको कर्तव्य हुनेछ ।

(४) नगरपालिकाले उपदफा (१) बमोजिमका संस्थाहरुमा सञ्चालन हुने शैक्षिक कार्यक्रमको कार्यान्वयन सम्बन्धमा देहाय बमोजिम समन्वय र नियमन गर्न सक्नेछ:

(क) विवाद तथा समस्या समाधनमा समन्वय र सहजीकरण गर्ने कार्य ।

(ख) सङ्घीय तथा प्रदेश निकायहरुबाट सञ्चालन हुने कार्यक्रममा समन्वय र सहजीकरण गर्ने कार्य ।

(ग) कार्यक्रमहरुको नीति, नियम तर्जुमा गर्न, कार्यविधि तथा मापदण्ड ज्ञारी गर्ने कार्य ।

(५) यो ऐन र अन्तरगत बनेका नियमावली, कार्यविधि, मापदण्ड र नगरपालिका वा सम्बन्धित पदाधिकारीले दिएको निर्देशन वा परिपत्र विपरित काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालय वा शैक्षिक संस्थालाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ ।

**परिच्छेद-२२**

**सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन**

**५६. सामुदायिक विद्यालयलाई दिने अनुदान प्रक्रिया:** (१) नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिकाबाट विद्यालयको लागि प्राप्त रकम नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा स्वीकृत गराई अनुदानका रुपमा विद्यालयको सञ्चित कोषमा पठाउने व्यवस्था मिलाउने छ ।

(२) त्यस्तो अनुदान बाँफाँड गर्ने आधार तोकिएबमोजिम हुनेछ ।

(३) विद्यालयको पूर्वाधार विकास गर्ने प्रयोजनका लागि नगर कार्यपालिकाले शर्त तोकी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयलाई समेत अनुदान दिन सक्नेछ ।

(४) नगरपालिकाले आवश्यक ठानेमा कुनै पनि सामुदायिक विद्यालयलाई ससर्त वा नि:शर्त अनुदान उपलब्ध गराउन सक्नेछ ।

(५) विद्यालयलाई प्राप्त रकम जुन कामको लागि खर्च गर्न निकासा भएको हो सोही काममा मात्र खर्च गर्नु पर्नेछ । खर्च हुन नसकेको रकमको बारेमा शिक्षा शाखालाई जानकारी गराउनु पर्नेछ र शाखाको निर्देशन बमोजिम आवश्यक कार्य गर्नुपर्नेछ । विद्यालयले तोकिएको

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा मधेश प्रदेश, नेपाल



नगर प्रमुख

अवधिसम्म शैक्षिक गुणस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्नसकिने छ।

(६) वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि नगरपालिकाले कार्यक्रम कार्यान्वयन निर्देशिका र खर्च गर्ने आधार (नर्म्स) ज़ारी गर्न सक्नेछ। विद्यालयले त्यस्तो निर्देशिकाको पालना गरी खर्च गर्नुपर्नेछ।

(७) विद्यालयको कोष, अनुदान, शुल्क तथा छात्रवृत्ति, विद्यालय सम्पत्ति, विद्यालयलाइ छुट र सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(८) विद्यालयको आयव्यको लेखा तथा विद्यालयको शैक्षिक विवरण नगरपालिकाबाट खटाएको कर्मचारी तथा लेखापरीक्षकले जुनसुकै बखत जाँचबुझ गर्न सक्ने छ। यसरी खटाइएको व्यक्तिले जाँचबुझ गर्ने क्रममा माग गरेको विवरण उपलब्ध गराउनु विद्यालयको कर्तव्य हुनेछ।

**५७. विद्यालयको आयव्ययको लेखा र अनुशासन:** (१) विद्यालयले प्रचलित कानूनको अधीनमा रही दोहोरो लेखा प्रणाली सिद्धान्त अनुसार वार्षिक आयव्ययको लेखा राख्नु पर्नेछ। लेखा अनुसासन कायम गर्नु हरेक विद्यालयको कर्तव्य हुनेछ।

(२) विद्यालयको आय, व्यय र सम्पत्तिको आन्तरिक तथा अन्तिम लेखापरीक्षण, बेरुजू अभिलेख, बेरुजू फछ्र्यौट र सम्परीक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने छ।

**५८. अनुदानको व्यवस्था:** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिंदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको शीर्षक स्रोत र अनुपात तथा मापदण्डका आधारमा नगरपालिकाले समुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ।

(२) समुदायिक विद्यालयलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराउनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएता पनि मुनाफा कमाउने उद्देश्य नलिई सञ्चालित सार्वजनिक गुठीलाई नगरपालिका वा अन्य कुनै पनि सरकारी तथा गैरसरकारी निकायबाट अनुदान प्राप्त गर्न बाधा पर्नेछैन। तर त्यस्तो अनुदान प्राप्त गर्नुअघि नगरपालिकाको अनुमति लिनुपर्नेछ

**५९. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान :** नगरपालिकाले प्रारम्भिक बालविकासकेन्द्रलाई तोकिएबमोजिमको अनुदान रकम दिन सक्नेछ।

**६०. शुल्क सम्बन्धी व्यवस्था:** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि किसिमको शुल्क लिन पाउनेछैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ।

(३) सबै बाल बालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाबाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

(५) विद्यालयले विद्यार्थीहरूलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन।

(६) विद्यालयले आफ्नो भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउनेछैन।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। शुल्क निर्धारण सम्बन्धमा विद्यालयले उपलब्ध गराएको शैक्षिक भौतिक तथा अन्य सुविधाको विवरणका आधारमा नगरपालिकाले स्वीकृति दिनेछ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा नगरपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ।

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

नगर प्रमुख

## परिच्छेद-२३

## शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

**६१. शिक्षण सिकाइको न्यूनतम शिक्षण अवधिः** (१) कुनै पनि विद्यालय वा शिक्षण संस्थामा पठन हुने शिक्षण अवधि विद्यालयमा भए कम्तिमा दुई सय बीस दिन र शिक्षण संस्थामा भए प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ। तर दैनिक शिक्षण अवधि तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको समयावधिसम्म विद्यालय वा शिक्षण संस्थामा पठन पाठनको व्यवस्था मिलाउने, विद्यालय वा शिक्षण संस्था सञ्चालन गर्ने वा गराउने र त्यसको अनुगमन गर्ने जिम्मेवारी विद्यालय भए सम्बन्धित स्थानीय तह र शिक्षण संस्था भए सम्बन्धित शिक्षण संस्थाको प्रमुखको हुनेछ।

**६२. शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास :** (१) शिक्षक र कर्मचारीको पेसागत क्षमता विकासका लागि तालिम तथा प्रशिक्षण सम्बन्धी व्यवस्था शिक्षा सम्बन्धी सङ्घीय तथा प्रदेशका कानूनले व्यवस्था गरे अनुरुप हुनेछ।

(२) नगरपालिका क्षेत्रिभत्र रहेका विद्यालयका शिक्षक र कर्मचारीहरुको पेसागत तालिम तथा क्षमता विकासका लागि नगरपालिकामा साविकको स्रोतकेन्द्रको सट्टा एक शिक्षक सिकाइ केन्द्र रहनेछ।

(३) उपदफा (२) बमोजिमको शिक्षक सिकाइ केन्द्रको स्थापना, सञ्चालन र व्यवस्थापन कार्यविधिबाट तोकिए बमोजिम हुनेछ ।

(४) यस दफाले नगरपालिकाका शिक्षकलाई स्वीकृत वार्षिक कार्यक्रम बमोजिमका कुनै पनि प्रकारको तालिम दिन बाधा पर्ने छैन ।

**६३. विद्यालयका कर्मचारीः** (१) विद्यालयमा शिक्षक बाहेक आवश्यक संख्यामा कर्मचारी रहने छन्।

(२) उपदफा (१) बमोजिम कर्मचारी खुला प्रतिस्पर्धाबाट प्रचलित कानुन तथा कार्यविधि बमोजिम सम्बन्धित विद्यालयबाट नियुक्ति हुनेछन्।

(३) उपदफा (२) बमोजिम नियुक्त कर्मचारीको पारिश्रमिक, सुविधा र सेवाका शर्त स्थानीय तहले बनाएका कानून बमोजिम हुनेछन् । तर त्यस्ता कर्मचारीको पारिश्रमिक नेपाल सरकारले निर्धारिण गरेको न्यूनतम पारिश्रमिक भन्दा कम हुन सक्ने छैन।

**६४. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनिक सम्बन्धी कममा बाहेक अन्य काममा लगाउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी नेपाल सरकार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

**६५. अध्यापन अनुमतिपत्र लिएका व्यक्ति मात्र विद्यालयमा शिक्षक हुन पाउनेः** (१) तोकिए बमोजिमको अध्यापन अनुमतिपत्र लिएका व्यक्ति मात्र शिक्षक पदमा उम्मेदवार हुन योग्य हुनेछन्।

**६६. स्थायी आवासीय अनुमति लिन नहुनेः** (१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन।

(२) स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई दिइने दण्ड तथा सजाय प्रचलित कानुनमा तोकिए बमोजिम हुनेछ।

**६७. शैक्षिक योग्यताः** (१) कसैले पनि कुनै पनि वहानामा तोकिएको शैक्षिक योग्यता तथा मापदण्ड पूरा नगरी विद्यालयको शिक्षक, कर्मचारी एवम् बालविकास केन्द्रको शिक्षक तथा सहयोगी कार्यकर्ता भई कार्य गर्नुहुँदैन।

(२) विद्यालयको शिक्षक, कर्मचारी एवम् बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता प्रचलित कानुनमा तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-२४

## अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

**६८. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन :** (१) विद्यालयहरूले विद्यार्थीमा अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउन सहयोग पुग्ने किसिमका अतिरिक्त शैक्षिक क्रियाकलापहरु नियमित रुपमा सञ्चालन गर्नुपर्ने छ।

(२) सहक्रियाकलापहरु दैनिक पठनपाठनको विषयवस्तुमा आधारित हुनुपर्नेछ।

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा मधेश प्रदेश, नेपाल

नगर प्रमुख

(३) विद्यालयहरूले प्रत्येक शुक्रबार अपराह्न पछिको **समयमा** अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

(४) नगरकार्यपालिकाले वार्षिक कार्यक्रममा समावेश गरी अन्तर विद्यालयहरु बीचमा प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

(५) अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन सम्बन्धी थप व्यवस्था तोकिए बमोजिमहुने छ।

## परिच्छेद–२५

## विविध

**६९. नाबालक छोराछोरीलाई शिक्षादिक्षा :** (१) हरेक नाबालक छोराछोरीका लागि विद्यालय शिक्षा अनिवार्य हुनेछ।

(२) नाबालक छोराछोरीलाई विद्यालय शिक्षामा भर्ना गराउनु र शिक्षादिक्षा दिनु हरेक अभिभावकको कर्तव्य हुनेछ।

(३) कसैले नाबालक छोराछोरीलाई शिक्षादिक्षा नदिएको विषय हेर्ने न्यायिक अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तोकिए बमोजिम हुनेछ।

**७०. नियम, निर्देशिका तथा कार्यविधि वा मापदण्ड बनाउने अधिकार:** (१) नगरपालिकाले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाएको निर्देशिका नगरपालिकाले सार्वजनिक गर्नु पर्नेछ।

**७१. बाधा अडकाउ फुकाउने अधिकार:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ।

**७२. बचाउ र लागू नहुने:** (१) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधित) अन्तर्गत कार्यवाही चलाउन बाधा पर्ने छैन।

(३) यस ऐनका दफा, उपदफा, खण्ड र उपखण्डहरू संविधान, सङ्घीय र प्रादेशिक कानुनसँग बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ।

(४) यसअघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिंइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिनेछैन। तर यो व्यवस्थाले प्रचलित कानुन बमोजिम दण्ड, सजाय तथा कार्यवाही गर्न बाधा पर्ने छैन।

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

नगर प्रमुख